**कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था**

**मकवानपुर । ०७६ वैशाख २ गते**

बागमती प्रदेश सरकारले प्रदेशका १३ ओटै जिल्लामा र्‍यापीड टेष्ट सुरु गरेको छ । पहिलो चरणमा क्वारेण्टाइनमा बसिरहेकाहरूको परीक्षण हुने छ । पहिलो चरणमा ४ हजार ३ सय जनाको र्‍यापीड टेष्ट गरिने प्रदेशको सामाजिक विकास मन्त्रालयका प्रवक्ता तथा चिकित्सा महाशाखा प्रमुख डा.पुरुषोत्तम सेढाईंले जानकारी दिनुभयो ।

पहिलो चरणमा र्‍यापीड टेष्टका लागि सङ्घीय सरकारबाट ५ हजार किट प्राप्त भएको छ । तीन दिनभित्र परीक्षण सक्ने गरी प्रदेशका सबै जिल्लामा पठाइएको उहाँले बताउनु भयो । मन्त्रालयका अनुसार वैशाख १ गते १ सय ५१ जनाको परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकाको पेप्सीकोलास्थित सनसिटी अपार्टमेन्टमा बस्ने ५८ वर्षीय पुरुष र ८१ वर्षीया महिलामा दोस्रोपटकको जाँचमा कोरोना पोजेटिभ देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वैशाख २ गते गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या १६ पुगेको जानकारी दिनुभयो । गत २४ घण्टामा मात्रै नयाँ ५ सय ८४ जनाको टेष्ट भएकोमा केहिको नतिजा आउन बाँकी छ भने नयाँ २ ओटा केस थपिएसँगै नेपालमा सङ्क्रमितको सङ्ख्या १६ पुगेको हो ।

मन्त्रालयका अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा ४ हजार ८ सय १९ ओटा र गत २४ घण्टामा ३ सय ८७ ओटा परीक्षण भएका छन् । प्रयोगशालाभन्दा बाहिर १ हजार ४ सय ८० ओटा परीक्षण भएका छन् । २४ घण्टामा १ सय ९७ ओटा भएका छन् । आरडिटीबाट गरिने कोरोना परीक्षण ६ हजार ६ सय सात ओटा र्‍यापीड डाईग्नोस्टिक किटको प्रयोग विधिबाट गरिएको छ । गत २४ घण्टाममा मात्रै १ हजार ३ सय १६ ओटा परीक्षण भएका छन् ।

यस्तै विदेशबाट आएका धेरैभन्दा धेरै व्यक्तिलाई र्‍यापीड डाईग्नोस्टिक किट प्रविधीबाट जाँच गरिने नीति लिइएको पनि मन्त्रालयका प्रवक्ता डा.देवकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार यस्तो जाँच २१ जिल्लामात्रै बाँकी छ । पिसीआर प्रविधी र र्‍यापीड प्रविधीबाट हालसम्म १२ हजार ९ सय ६ ओटा परीक्षणहरू भइसकेका छन् ।

कागेश्वरी नगरपालिका-९ मा रहेका अत्यावश्यक खाद्यान्न पसल, डेरी र तरकारी पसल मात्रै बिहान ४ बजदेखि ८ बजेसम्म खोल्ने निर्णय गरिएको हो । अहिले सनसिटी परिसरलाई सिल गरेर भित्र रहेकालाई भित्रै राखिएको भने बाहिरबाट कसैलाई प्रवेश गर्न दिइएको छैन ।

सरकारले लकडाउनको समय १२ दिन थपेको छ । मन्त्रिपरिषद्को वैशाख २ गतेको बैठकले लकडाउनको समय वैशाख १५ गतेसम्मको लागि लम्ब्याउने निर्णय गरेको ऊर्जामन्त्री वर्षमान पुनले जानकारी दिनुभयो । कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या धमाधम देखिन थालेपछि अन्य विकल्प नभएपछि सरकारले लकडाउनलाई नै निरन्तरता दिएको हो । सुरुमा कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि सरकारले चैत्र ११ गतेदेखि १८ गतेसम्म एक साताका लागि सरकारले लकडाउन घोषणा गरेको थियो ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार ज्वालामुखी गाउँपालिकास्थित स्वास्थ्य केन्द्रमा एक २७ वर्षीय युवकको र्‍यापीड टेष्ट परीक्षण पोजिटिभ आएको छ ।

ज्वालामुखी-३, अमराई निवासी युवक गत फागुन २० गते दक्षिण कोरियाबाट नेपाल फर्कनु भएको थियो । विदेशबाट फर्किएका सबैलाई र्‍यापीड टेष्ट गर्ने योजना अनुसार परीक्षण गर्दा पोजिटिभ देखिएको ज्वालामुखीका स्वास्थ्य संयोजक सुजन श्रेष्ठले बताउनु भयो । प्रमुख जिल्ला अधिकारी अस्मान तामाङका

अनुसार थप परीक्षणका लागि सदरमुकामस्थित अस्थायी आइसोलेशनमा राखेर स्वाब राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला पठाइने छ ।
'नेपाल फर्किएपछि उहाँसँग सम्पर्कमा आएका परिवारलगायत स्थानीय व्यक्तिहरूबारे खोजि गर्दैछौं,'उहाँले भन्नु भयो । फागुन २० नै नेपाल आएका उहाँलाई चैत २ गते नै ज्वरो आएको बताइएको छ । स्थानीयले उहाँ र उहाँको परिवारलाई क्वारेण्टाइनमा जान आग्रह गर्दा आफू हेटौँडामै दुईहप्ता क्वारेण्टाइनमा बसेर आएको भनेर पन्छिएको बताइएको छ ।
कोरोना भाइसको महामारी रोक्न गरिएको लक डाउन जिल्लामा कडा बन्दै गएको छ । विभिन्न विद्यालयमा पुनः निर्माणको काममा जिल्ला बाहिरबाट आएकाहरू लकडाउनपछि समस्यामा परेका छन् ।
दाङबाट जिल्लाको खनियाबासमा मजदुरी गर्न थालेका मजदुरहरू मध्ये ९ जना वैशाख १ गते घर हिडेका छन् । घर टाढा छ तर यहाँ बस्न र खान समस्या भएपछि हिडेर घर जान लागेको उनीहरूले बताएका छन् । रात दिन गरेर घर जान हिडेकाहरू धादिङको पृथ्वी राजमार्ग क्षेत्रमा भेटिने गरेका छन् । धादिङ जिल्लाबाट घर जानेहरू करिव २ सय जना हिडेर घरतिर गएको अनुमान गरिएको छ ।
व्यक्तिगत सुरक्षाको कारण देखाउँदै एम्बुलेन्स चालकहरूले रुघा खोकी र ज्वरो आएका बिरामी बोक्न नमानेपछि ग्रामीण भेगका बिरामीलाई स्वास्थ्य संस्थासम्म लैजान समस्या हुन थालेको छ ।
चैत ४ गते भारतबाट घर आएका त्रिपुरासुन्दरी गाउँपालिका-६ गोलाङका अमृत परियारलाई केही दिनअघि ज्वरो आएपछि प्राथमिक स्वास्थ्य केन्द्र सल्यानटारमा चेकजाँच गराउँदा उनीमा टाइफाइड देखियो ।
स्वास्थ्यकर्मीले टाइफाइडको औषधि दिएर आरामका लागि घर पठाएका परियारलाई चैत २८ गते उच्च ज्वरो आयो । तर रातभर कोशिस गर्दा पनि कुनै एम्बुलेन्स बिरामी लिन जान तयार नभएको परिवारले जनाएको छ । त्रिपुरासुन्दरी गाउँपालिका-५ का गोविन्द राना मगरलाई ज्वरो बढेपछि एम्बुलेन्स खोज्दा पाउन सक्नुभएन । उत्तरी धादिङका एम्बुलेन्सहरूले सुरक्षाको कारण देखाउँदै ज्वरो आएका बिरामी बोक्न नमान्नु गम्भीर विषय भएकोले छानविन गरिने प्रमुख जिल्ला अधिकारी असमान तामाङले बताउनु भयो ।
**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार कोरोना भाइरसको विश्वव्यापी महामारीको कारण गरिएको लकडाउन अवधिका लागि दोलखामा अझै २ महिना पुग्ने खाद्यान्न मौज्दात रहेको छ ।
लकडाउनको कारण ढुवानीमा समस्या आई खाद्यान्न सङ्कट हुन सक्ने सम्भावनालाई मध्यनजर गरी जिल्ला प्रशासन कार्यालय दोलखाले जिल्लामा खाद्यान्न अभाव हुन नदिन डेढ लाखभन्दा बढी मान्छेलाई दुई महिनासम्म खान पुग्ने खाद्यान्न मौज्दात रहेको जनाएको छ ।
जिल्लामा खास बसोबास गर्ने करिब डेढलाख जना, प्रहरी, सेना र कर्मचारीलगायत गरी एकलाख ५५ हजार जनालाई २ महिनासम्म पुग्ने खाद्यान्न मौज्दात रहेको दोलखाका प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले जानकारी दिनुभएको छ ।
सदरमुकाम चरिकोट, सिंगटी, जिरी, मैनापोखरी, मागादेउराली र किर्नेटार बजारमा १ लाख ५५ हजार जनसङ्ख्यालाई दुई महिनासम्म खान पुग्ने चामल, दाल, नुन, तेल र ग्यास मौज्दात रहेको प्रजिअ शर्माले जानकारी दिनुभयो । ०६८ सालको जनगणना अनुसार दोलखाको जनसङ्ख्या १ लाख ८७ हजार ५ सय ५७ भए पनि जिल्लामा दैनिक बसोबास गर्नेको सङख्या डेढलाखको हाराहारीमा रहेको प्रशासनको तथ्याङ्क रहेको छ ।
प्रजिअ शर्माका अनुसार चैत मसान्तसम्म जिल्लामा ३ लाख ६३ हजार किलोग्राम चामल मौज्दात रहेको छ । दाल ३१ हजार किलोग्राम, आयोडिन नुन १५ हजार किलोग्राम, खाने तेल २७ हजार लिटर, ग्यास २ हजार ६सय ७० सिलिण्डर मौज्दात रहेको प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिनु भयो । त्यसैगरी कुखुराको दाना २ लाख ८८ हजार ५ सय किलोग्राम मौज्दात रहेको छ ।

क्वारेण्टाइनमा राखिएका र विदेशबाट आएकाहरूमा सङ्क्रमणको अवस्था जाँच गर्ने ३ सय थान र्‍यापीड टेष्ट कीट जिल्ला आइपुगेको छ । सङ्घीय सरकारको स्वास्थ्य मन्त्रालयले पठाएको ३ सय थान र्‍यापीड टेष्ट कीट जिल्ला आइपुगेको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख एवम् जिल्ला विपद् व्यवस्थापन समितिका सूचना अधिकारी विभुकुमार झाले जानकारी दिए ।

दोलखाको भीमेश्वर नगरपालिका र जिरी नगरपालिकामा कार्यरत सरसफाईकर्मीहरू बीना सुरक्षा जोमिखमै काम गरिरहेका छन् । कोरोना सङ्क्रमण बढ्दै गएपछि सरकारले गरेको लकडाउनको बेला सरसफाईको कार्यमा उनीहरू जोखिम मेलेरै खटिई रहेका हुन् । नगरपालिका भित्र घर, पसल, होटल तथा अस्पतालसम्मको फोहोरमैला सङ्कलन गर्ने कर्मचारीहरूको लागि पीपीई, सुरक्षित मास्क, पञ्जा, बुट जस्ता अतिआवश्यक बस्तुहरूको अभावमा समस्या परेको हो ।

भीमेश्वर नगरपालिकाले फोहोरमैला सङ्कलन तथा व्यवस्थापनमा खटिएका दुई जना चालक सहित आठजना सरसफई कर्मचारीका लागि कुन पनि सुरक्षा सामग्री उपलब्ध गराएका छैन ।

दोलखाको जिरी नगरपालिकामा पनि फोहोर सङ्कलन र व्यवस्थापनमा खटिएका कर्मचारीले पनि सुरक्षाका सामग्री पाउन सकेका छैनन् । जिरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद रिजाल स्वास्थ्यकर्मीका लागि समेत सुरक्षाका सामग्री अभाव रहेकोले सरसफाईका कर्मचारीहरूलाई उपलब्ध गराउन नसकिएको बताउनु भयो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार थाहा नगरपालिकाले बन्दाबन्दीका बेला मुलुकभर रहेका आफ्ना नागरिकहरूको अनलाइनमार्फत विवरण सङ्कलन थालेको छ ।

थाहा नगरपालिकाले सामाजिक सञ्जाल फेसबुकमा अनलाइन सर्भे फारम निर्माण गरी नगरपालिका बाहिर रहेका नागरिकहरूको सहायताका लागि पहल थालेको हो । वैशाख १ गते सुरू गरिएको सर्भेमा एकै दिन ४४ जना नागरिक नगरपालिकाको सम्पर्कमा आएका सूचना अधिकारी सुरजकुमार भुजेलले बताउनु भयो ।

अनलाइन सर्भेबाट सम्पर्कमा आएका नागरिकका लागि खानपान र सामाजिक सुरक्षाजस्ता बिषयमा थाहा नगरपालिकाले सहजीकरण गर्ने नगरप्रमुख लबशेर बिष्टले बताउनु भयो । 'एकल रुपमा नसके सम्बन्धित स्थानीय तहसँग समन्वय गरेर भएपनि आफ्ना नागरिकका दुःखमा मल्हम लगाउँछौं', नगरप्रमुख बिष्टले भन्नुभयो ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार पाँचपोखरी थाम्पाल गाउँपालिका भित्रको सबै वडाहरूमा रहेका मुटु, दम, सुगरलगायत विभिन्न दिर्घ रोगीहरूले नियमित सेवन गर्ने औषधिको व्यवस्थामा सहजिकरण गरेको छ ।

कोरोना भाइरसको सुरक्षाका लागी सरकारले घोषणा गरेको लकडाउनका कारणले औषधि खरिद गरी सेवन गर्न नपाएर समस्यामा परेका दिर्घ रोगीहरूलाई ०७७ वैशाख २ गते गाउँपालिकाले निःशुल्क औषधि वितरण गरिरहेको गाउँपालिका अध्यक्ष टासी लामाले बताउनु भयो ।

अध्यक्ष लामाका अनुसार गाउँपालिकाले औषधिहरू खरिद गरी सबै स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूलाई परिचालन गरी निःशुल्क औषधि वितरण गरिएको छ ।

जुगल गाउँपालिकामा रहेका असङ्गठित सडक मजदुर तथा अति विपन्न वर्गहरूलाई गाउँपालिकाले ०७७ वैशाख २ गते राहत वितरण गरिएको गाउँपालिका अध्यक्ष होमनारायण श्रेष्ठले बताउनु भयो ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार नुवाकोटमा सुरू भएको कोभिड १९ को र्‍यापीड टेष्ट अन्तरगत वैशाख २ गते ६६ जनाको परीक्षण गरिएको छ । परीक्षण गरिएका सबैको नतिजा नेगेभिट आएको छ ।

तादी गाउँपालिकाले लकडाउनको अवधिमा नियमित औषधि सेवन गर्नेहरूलाई निःशुल्क औषधि उपलब्ध गराउने भएको छ । उच्च रक्तचाप, सुगर, मुटु रोग, मानसिक रोग, दमलगायतका दीर्घ रोगका औषधि

आवश्यकता परेमा अस्पतालले सिफारिस गरेको पत्रको फोटोकपी स्थानीय तहमा उपलब्ध गराएमा औषधि ल्याइदिने गाउँपालिकाका अध्यक्ष नारायण पाण्डेले बताउनु भयो । तादी गाउँपालिकाले ५१ जनाको औषधि ल्याएर वितरण गरिसकेको छ ।
किस्पाङ गाउँपालिकाले लकडाउन अवधिभरको पालिकाभरका नियमित औषधि खाइरहेका विपन्न वर्गका बिरामीहरूलाई उनीहरूले खाइरहेको औषधि निःशुल्क वितरण गर्ने भएको छ ।
**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनलाईको नियम उल्लङ्घन गरेको आरोपमा महानगरीय प्रहरी परिसरले वैशाख २ गते ४ सय २३ जनालाई गिरफ्तार गरेको छ ।
विदेशबाट आएर ललितपुर महानगरपालिका क्षेत्रभित्र बसोबास गर्दै आएका १ सय ८ जनामा र्‍यापीड टेष्ट गरिएको छ । वैशाख २ गते लगनखेल र जावलाखेलमा गरिएको परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो । वैशाख २ गते तीनजना बिरामी निको भएर घर फर्किएको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
ललितपुरका ६ ओटा स्थानीय तहमध्ये ३ ओटा गाउँपालिकामा बिपन्न परिवारलाई राहत वितरण गर्न तथ्याङ्क सङ्कलन भइरहेको छ ।
ललितपुरस्थित कान्ति लोकपथ भएर उपत्यका बाहिर जानेको सङ्ख्या दैनिक १ सय ५० देखि २ सय ५० जनासम्म रहेको छ भने उनीहरू मकवानपुर, बारा, पर्सा, रौतह, पर्सा, धनुषालगायतका जिल्लामा जाने गरेको बागमती गाउँपालिकाका प्रवक्ता विष्णु प्रसाद तिमल्सिनाले जानकारी दिनुभयो । चैत ३० देखि वैशाख २ गतेसम्म दैनिक ५० जनाभन्दा बढि मानिस तराईबाट उपत्यका प्रवेश गरिरहेको पाइएको छ ।
नेपाल सरकारले २०७७ वैशाख २ गतेदेखि अनलाइनबाट सवारी पास फाराम भर्न पाउने व्यवस्था गरेपछि वैशाख २ गते नै ८ सय ३० ओटा अनलाइन फारामबाट सवारी पास माग्नेहरूको सङ्ख्या रहेको छ भने चैत महिना भर ७ सय ९६ ओटा पासको व्यवस्था गरिएको ललितपुरका प्रमुख जिल्ला अधिकारी भागिरथ पाण्डेयले जानकारी दिनुभयो ।
**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार वैशाख २ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा चितवन प्रहरीले ६ जनालाई गिरफ्तार गरेको छ ।
भरतपुर अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई केरुगा सामुहिक तरकारी कृषि फर्मले निस्शुल्क तरकारी वितरण गरेको छ । चितवनको भरतपुर कोरोना विशेष (अस्थायी) अस्पतालमा सुरुवातदेखि नै अग्रभागमा उभिएर उपचारमा सङ्लग्न ३० जना चिकित्सक, स्वास्थ्यकर्मीहरूको कोरोना भाइरस परीक्षण नतिजा नेगेटिभ आएको भरतपुर अस्पतालका सुचना अधिकारी लिलाधर पौडेलले बताउनु भयो ।
भरतपुर कोरोना विशेष अस्पतालबाट १८, भरतपुर अस्पतालबाट ३ र रत्ननगरको गुञ्जमानसिहं अस्पतालबाट ४ गरी कुल २५ जनाको कोरोना परीक्षणका लागि पठाइएको छ ।
**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार मरिण गाउँपालिका र हरिहरपुरगढी गाउँपालिकामा ६४ जनाको कोरोना परिक्षण गरिएको छ । हरिहरपुरगढी र मरिणमा वैशाख २ गते जिल्ला स्वास्थ्य कार्यालयको टोलीले कोरोना परिक्षण गरेको हो । मरिण गाउँपालिकामा ३८ र हरिहरपुरगढीमा गाउँपालिकामा २६ जनाको कोरोना जाँच गरिएको स्वास्थ्य कार्यालयका प्रमुख जितेन्द्र कुमार शाहले बताउनु भयो । परिक्षण गरिएका सबैको नतिजा नेगेटिभ आएको छ ।
हालसम्म दुधौली नगरपालिकामा १८ जना, सिन्धुली अस्पतालमा आएका शङ्कास्पद विरामी ३ जना, मरिण गाउँपालिका ३८ जना र हरिहरपुरगढी २६ जना गरी ८५ जनाको स्वास्थ्य परिक्षण गरिसकिएको छ । हालसम्म परिक्षण गरिएका सबैको नतिजा नेगेटिभ अर्थात कोरोना सङ्क्रमण नभेटिएको स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ ।

तराईका जिल्लाबाट आयात हुने फलफुल, माछा-मासु, हरियो तरकारी आयातमा रोक लगाइएको छ । वैशाख २ गते जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा बसेको सर्वदलीय, सर्वपक्षीय बैठकले यस्तो निर्णय गरेको हो ।

उक्त बैठकले जिल्लाभित्र सञ्चालित दूध, फलफुल, तरकारी तथा खाद्यान्न सामग्रीका पसलहरू विहान ६ बजे देखि ९ बजेसम्ममात्र सञ्चालन गर्न दिने निर्णय गरिएको छ ।

सर्वदलीय सर्वपक्षीय बैठकले जिल्लाका सबै राजनीतिक दलका भातृ सङ्गठन, कार्यकर्तालाई लकडाउनको पूर्ण पालना गराउन आ-आफ्ना राजनीतिक दलले निर्देशन गर्ने निर्णय गरेको छ ।

कमलामाई नगरपालिकाले नगरपालिकाका-३, ६, ७ र १० मा विपन्न, मजदुरहरूलाई राहत वितरण गरेको छ । वडा कार्यालयको समन्वय ४ सय ९३ जनालाई राहत वितरण गरेको कमलामाई नगरपालिकाले जनाएको छ ।

कमलामाई नगरपालिका-५ मधुटारको चन्द्रमुखी टोल विकास संस्था मानिस तथा सवारी साधानको आवत अत्यधिक बढेपछि टोलमा प्रवेश गर्ने तीन ओटा नाकामा ढाँट हालेको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछाप जिल्लाको दुई जनामा गरिएको कोरोना परीक्षण नेगेटिभ रिपोर्ट आएको छ । रामेछाप जिल्लामा छिमेकी मुलुक भारत र अन्य विभिन्न देशबाट आएका ६७ जनालाई क्वारेण्टाइनमा राखिएको छ ।

जिल्ला प्रशासन कार्यालय रामेछापले ०७७ वैशाख २ गते सूचना प्रकाशित गरी आवश्यकताको पहिचान गरेर मात्रै कोरोना भाइरस प्रभावितहरूलाई राहात वितरण गर्न स्थानीय तहहरूलाई अनुरोध गरेको छ ।

प्रशासनले लकडाउनको क्रममा अलपत्र परेका मजदुर, विद्यार्थी, विपन्न वर्गले सम्बन्धित वडाबाट राहात नपाएको र आफूखुसी राहात वितरण भैरहेको गुनासो आएको भन्दै यस्ता कार्य तत्काल बन्द गर्न अनुरोध गरेको हो ।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जारी गरेको सुचनामा प्रत्येक वडामा सम्पर्क व्यक्ति तोकी निवेदन तथा गुनासो सङ्कलन गर्ने व्यवस्था मिलाउन र कुनै निकाय, सङ्घ संस्था व्यक्तिले दिने सहायता स्थानीय तहको मापदण्ड अनुसारको सामाग्री भएमात्रै स्वीकार गरी वडा स्तरीय समिति मार्फत वितरण गर्न अनुरोध गरिएको छ । प्रशासनले नेपाल सरकारको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहात सम्बन्धि मापदण्ड २०७६ स्वीकृत भैसकेकाले सोहि अनुसार आवश्यक नागरिकलाई मात्रै राहात वितरण गर्न प्रशासनले अनुरोध गरेको छ ।

जिल्लाका विभिन्न स्थानमा सञ्चालित हेल्थ डेक्समा ०७६ वैशाख १ गतेसम्म ३ हजार ७ सय ६९ जनाको ज्वरो परीक्षण भएको छ । कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी लक्षण परीक्षण गर्न जिल्लाको मन्थली नगरपालिकामा सञ्चालन गरिएको हेल्थ डेक्समा मात्रै १ हजार ९ सय ४ जनाको ज्वरो परीक्षण गरिएको जिल्ला स्वास्थ्य प्रमुख जितेन्द्रकुकार कर्णले जानकारी दिनुभयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार रसुवामा हालसम्म गरिएको ९८ जनामा र्‍यापीड टेष्ट गरिएको छ । परीक्षण गरिएको सबै रिपोर्ट नेगेटिभ आएको कोभिड सुचना केन्द्र रसुवाले जनाएको छ । रसुवाको कालिका गाउँपालिकाले वैशाख २ गतेदेखि जिल्ला बाहिरबाट आउनेलाइ अनिवार्य क्वारेण्टाइनमा राख्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष सिताकुमारी पौडेलले बताउनु भयो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार मध्यपुरथिमि नगरपालिकाले विदेशबाट फर्किएका ५३ जनामा कोरोना भाइरसको परीक्षण गर्दा सबैको नतिजा नेगेटिभ आएको छ ।

कोरोना सङ्क्रमित विरामीको उपचारका लागि नगरपालिकाले सञ्चालन गरेको नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल व्यबस्थापन समितिका अध्यक्ष एवं नगरप्रमुख मदनसुन्दर श्रेष्ठले नगरपालिकाले सबै

वडामा गरेको सर्वेक्षणमा विभिन्न १५ देशबाट फर्किएका ६५ जनाको पहिचान गरी ५३ जनाको नमूना सङ्कलन सहित परीक्षण गर्दा सबैको नतिजा नेगेटिभ आएको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले वैशाख २ गते राहत वितरण कार्य सम्पन्न गरेको छ । नगरपालिकाले १० ओटै वडामा गरी २ हजार ६ सय ८८ परिवारलाई राहत वितरण गरेको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार काभ्रेमा गरिएको र्‍यापीड टेष्टमा दुई जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । बेथानचोक गाउँपालिका र मण्डनदेउपुर नगरपालिकामा गरिएको र्‍यापीड टेष्टमा कोरोना भाइरसको सङ्क्रमित भेटिएका हो ।

बेथानचोक गाउँपालिका वडा नम्बर ५ का २८ वर्षीय पुरुषमा कोरोना भाइरस सङ्क्रमण पाइएको बेथानचोक गाउाँपलिकाका स्वास्थ्य शाखा प्रमुख सिताराम तिमल्सीनाले बताउनुभयो । तिमल्सीनाका अनुसार उहाँ भारतबाट चैत ९ गते घर फर्कनु भएको थियो ।

वैशाख २ गते गरिएको परीक्षणमा मण्डनदेउपुर नगरपालिका-३ नयाँ गाउँका २१ वर्षीय एक युवकलाई पनि कोरोना भाइरसको सङ्क्रमण भेटिएको वडा अध्यक्ष दिलबहादुर तामाङले बताउनु भयो । उहाँ दुबईबाट घर फर्कनु भएका थियो । मण्डनदेउपुरमा ०७७ वैशाख २ गते १७ जनामा र्‍यापीड टेष्ट गरिएको स्वास्थ्य शाखा संयोजक सुशिला कठायतले जानकारी दिनुभयो । दुबै जनालाई स्वाब परीक्षणका लागि धुलिखेल अस्पताल ल्याएको छ । उनीहरूको स्वाब वैशाख ३ गते परीक्षण हुनेछ ।

धुलिखेल अस्पतालमा साताको दुईदिन आइतबार र बुधबार कोरोना भाइरसको परीक्षण हुदैं आएको छ । जिल्लाका स्थानीय तहहरूमा ०७६ साल चैत ३० गतेदेखि परीक्षण सुरु गरिएको थियो । चैत १ गतेदेखि विदेशबाट फर्किएहरुको परीक्षण भइरहेको छ । जिल्लामा हालसम्म १ सय ८९ जनाको र्‍यापीड टेष्ट गरिएको छ ।

पनौती नगरपालिकाले दोस्रो चरणको राहत वितरण सकाएको छ । पालिकाले फुड बैकमा जम्मा भएको राहत सामग्री वडा कार्यालयमा पठाएर वितरण गरेको हो । पालिकाको १२ ओटै वडामा राहत वितरण गरिसकेको बरिष्ठ प्रशासकीय अधिकृत तथा फुड बैंक व्यवस्थापन समितिका संयोजक इन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रत्येक वडालाई ५० प्याकेटका दरले राहत सामग्री वडामा पठाइएको हो ।

जिल्ला प्रशासन कार्यालय काभ्रेले हिडडुलमा थप कडाइ गर्ने भएको छ । कोरोना भाइरसको रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्नका लागि नेपाल सरकारले गरेको लकडाउनको म्याद थपिएसँगै जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा वैशाख २ गते बसेको कमाण्ड पोष्टको बैठकले अरु जिल्लाका पैदल यात्रीलाई हिडडुल गर्न रोक लगाएको हो ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**